Report of the

# Community Conservation Resilience Initiative in Nepal



Community Conservation Resilience Initiative

Global Forest Coalition

Federation of Community Forestry Users, Nepal (FECOFUN)

**Country report on Nepal**
**Community Conservation Resilience Initiative (CCRI)**
**June 2018**

**Author:** Dil Raj Khanal
**Assessment facilitation:** FECOFUN

**For more information:** http://globalforestcoalition.org/resources/supporting-community-conservation/

**Cover photo:** Members of a community forest user group are managing their community forest in Nawalparasi district. Nawalparasi FECOFUN

The production of this country report has been made possible thanks to the support of the Christensen Fund and the German International Climate Initiative (IKI). The German Federal Ministry for the Environment, Nature Conservation, Building and Nuclear Safety (BMUB) supports this initiative on the basis of a decision adopted by the German Bundestag. The participatory community assessments reflected in this report have been made possible thanks to the community members themselves, FECOFUN, The Christensen Fund, and the Siemenpuu Foundation.

**Disclaimer:**
The information contained in the case studies in this report has been provided by the national group responsible. As such, the report does not necessarily reflect the opinion or position of GFC, its donors or other contributors.

© Global Forest Coalition, June 2018

# नेपालमा
# संरक्षित वन क्षेत्रमा
# सामुदायिक वन अधिकार अभियानको समीक्षा

(२०७४)



**सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल**
दुवाकोट, भक्तपुर
नेपाल

Community Conservation Resilience Initiative

विषयसूची

पेज

**१. परिचय .................................................. २**
१.१ पृष्ठभूमि .................................................. २
१.२ मूल्याङ्कनको उद्देश्य र विधि .................................................. २

**२.संरक्षित वन व्यवस्थापनमा सामुदायिक वनको भूमिका .................................................. ५**
२.१ संरक्षित वन क्षेत्रमा सामुदायिक वन .................................................. ५
२.२ संरक्षित वनबाट प्रभावित सामुदायिक वन .................................................. ६
२.३ संरक्षित वन क्षेत्रका सामुदायिक वनहरुको मुख्य विशेषताहरु .................................................. ६
२.४ संरक्षित वन क्षेत्रका सामुदायिक वन उपभोक्ता समूहको सामाजिक-आर्थिक अवस्था ....... ७
२.५ संरक्षित वनको संरक्षणमा समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको भूमिका ..... ८

**३. वन स्रोतमाथिको अधिकार र वकालतका अभियानहरुको समीक्षा .................................................. ८**
३.१ संरक्षित वनसम्बन्धी कानूनका मुख्य विशेषताहरु .................................................. ८
३.२ संरक्षित वन व्यवस्थापन योजनाका विषयवस्तुहरु .................................................. ९
३.३ संरक्षित वनको वन पैदावार परिचान .................................................. ९
३.४ संरक्षित वन क्षेत्रका सामुदायिक वनमा पर्यापर्यटन .................................................. १०
३.५ संरक्षित वन क्षेत्रका सामुदायिक वनमा भौतिक पूर्वाधार विकासको प्रभाव .................. ११
३.६ संरक्षित वनको संस्थागत संरचना .................................................. १२
३.७ संरक्षित वनको आर्थिक स्रोत व्यवस्थापन .................................................. १३
३.८ लैङ्गिक समता र समाजिक समावेशीकरण .................................................. १४
३.९ सुशासन सुदृढीकरण .................................................. १५

**४. आन्तरिक कमजोरी र बाह्य चुनौतिहरु .................................................. १७**
४.१ आन्तरिक कमजोरीहरु .................................................. १७
४.२ बाह्य चुनौतिहरु .................................................. १८


**५. चुनौति सम्बोधनका उपाय र सुझावहरु .................................................. २०**
५.१ सुझावहरु .................................................. २०
५.२ निष्कर्ष .................................................. २२

सन्दर्भ सामग्रीहरु २२

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालमा विभिन्न समयमा वन ऐन २०४९ अन्तर्गत राजपत्रमा सूचना प्रकाशन गरी ८ वटा संरक्षित वनहरु घोषणा गरिएका छन् । त्यस्तै, अन्य ११ वटा वन क्षेत्रहरुलाई संरक्षित वनको रुपमा घोषणा गर्न प्रस्ताव गरिएको छ (वन विभाग, २०७३) । यी वन क्षेत्रहरुलाई संरक्षित वन घोषणा गर्नुपूर्व नै सामुदायिक वनको रुपमा व्यवस्थापन गरिदै आएको छ । यसरी सामुदायिक वनको रुपमा व्यवस्थापन भइरहेका क्षेत्रहरुलाई संरक्षित वन घोषणा गरिएपछि सामुदायिक वनमा विभिन्न प्रभावहरु पर्दै आएका छन् । सामुदायिक वनहरु समेत समावेश गर्नेगरी संरक्षित वन घोषणा भएपश्चात् संरक्षित वनबाट प्रभावित हुने सामुदायिक वन उपभोक्ता समूहहरुले आ-आफ्नो क्षेत्रको परिवेश अनुसार विभिन्न अधिकारमूखी अभियानहरु सञ्चालन गर्दै आएका छन्, जसबाट संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनमाथि उपभोक्ता समूहको अधिकार र पहुँचमा निरन्तरताका लागि केही सफलताहरु प्राप्त भएका छन् भने खासगरी नीतिगत तहमा विभिन्न चुनौति र सवालहरु विद्यमान रहेका छन् ।



नेपालमा वनले ओगटेको क्षेत्र, स्रोत : वन अनुसन्धान तथा सर्वेक्षण विभाग, २०१५

सामुदायिक वनको रुपमा व्यवस्थापन भएका क्षेत्रहरु समेत पर्नेगरी संरक्षित वनहरु घोषणा गरिए पश्चात् यसबाट सामुदायिक वनमा के कस्तो प्रभाव परेको छ ?, संरक्षित वनमा परेका सामुदायिक वन उपभोक्ता समूहहरुले आफनो वन अधिकार संरक्षणका लागि के कस्ता प्रयासहरु गरिरहेका छन् ? संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहमा सुशासन र लैङ्गिक समता एवं सामाजिक समावेशीकरणको अवस्था कस्तो छ ? र वन अधिकार अभियानका क्रममा संरक्षण र पहुँचमा के कस्ता सफलताहरु प्राप्त भए ? के कस्ता चुनौति तथा सवालहरु विद्यमान रहेका छन् ? र ती सवालहरुलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने बारेमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले ३ वटा संरक्षित वन क्षेत्रमा गहन रुपमा र अन्य संरक्षित वन क्षेत्रहरुमा सक्षिप्त मूल्यांकन गरेको थियो । विश्व वन मञ्च (Global Forest Coalition - GFC) को पहलमा सञ्चालित सामुदायिक संरक्षणको उत्थानशीलता पहल (Community Conservation Resilience Initiative - CCRI) अन्तर्गत यो समीक्षा तथा मूल्यांकनको काम गरिएको थियो । यहाँ उक्त समीक्षा एवं मूल्यांकनबाट प्राप्त नतिजा, निष्कर्श र सुझावहरुलाई पनि समावेश गरिएको छ ।

## १.२ समीक्षा एवं मूल्यांकनको उद्देश्य र विधि


यो समीक्षा एवं मूल्यांकनको मुख्य उद्देश्य संरक्षित वन क्षेत्रहरुमा सामुदायिक वन व्यवस्थापन गर्दै आएका वन उपभोक्ता समूहहरुले सामुदायिक वनका माध्यमबाट संरक्षणमा गरेको योगदानको उजागर

गर्नुका साथै समूहका महत्वपूर्ण नीतिगत, संस्थागत, सुशासन र लैङ्गिक समता एवं सामाजिक समावेशीकरणका सवालहरु उजागर गर्नु रहेको छ ।

नेपालको वन ऐन २०४९ मा उपभोक्ता समूहको वनमाथिको अधिकार र संस्थागत संरचनाको दृष्टिकोणले एकै प्रकृतिका सामुदायिक वनको व्यवस्था गरिएको छ । यद्यपि, वनसम्बन्धी कानून र संरक्षित क्षेत्र तथा संरक्षित वनसम्बन्धी कानूनमा विभिन्न प्रकृतिका संरक्षित क्षेत्र वा संरक्षित वनहरुमा रहेका सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको अधिकार र हैसियतमा भिन्नता सिर्जना गरिएको छ । यी कानूनी विविधताका बावजुद् सबै प्रकृतिका सामुदायिक वनको संरक्षण र व्यवस्थापनमा उपभोक्ता समूहहरुको उल्लेखनीय योगदान र भूमिका रहँदै आएको छ । यस समीक्षा एवं मूल्यांकनमा खासगरी वन ऐन २०४९ अनुसार घोषणा गरिएका संरक्षित वन क्षेत्रमा पर्ने सामुदायिक वनको अवस्थाको समीक्षा एवं मूल्यांकन गरिएको छ ।

संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहले आफनो सामुदायिक वनमा केन्द्रिकृत रुपमा हुने सरकारी निर्णयहरुको प्रभाव र नाफामूखी निजी क्षेत्रबाट हुने हस्तक्षेपहरुबाट आफ्नो वनमाथिको अधिकार जोगाउनका लागि आफ्नो सामर्थ्यता देखाउँदै आएका छन् । आफनो ज्ञान, सीप र क्षमताका साथै परम्परा, संस्कृति र अभ्यासका माध्यमबाट स्थानीय समुदायले देखाउँदै आएको प्रयास र सामर्थ्यले सामुदायिक सरक्षणको उत्थानशीलतामा उल्लेखनीय योगदान पुगेको छ । संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको वर्तमान अवस्था र समूहका अधिकारमूखी अभियानका प्रयासहरुको समीक्षा एवं मूल्यांकनको लागि निम्न विधिहरु अवलम्बन गरिएको थियो :

***समुदाय छनौट :*** सामुदायिक वनका माध्यमबाट संरक्षित वनको संरक्षण र व्यवस्थापनमा उपभोक्ता समूहले खेलेको भूमिका र वन अधिकारसम्बन्धी अभियानको संक्षिप्त समीक्षा एवं मूल्यांकनका लागि नेपालका ८ मध्ये ६ वटा संरक्षित वनहरु छनौट गरिएको थियो भने यी विषयमा क्षमता विकास र थप समीक्षा एवं मूल्यांकनका लागि उपभोक्ता समूहहरु र संरक्षित वन परिषद्हरुसँगको परामर्शमा बरण्डाभार, वसन्ता र पञ्चासे संरक्षित वनमा रहेका ९ वटा सामुदायिक वन उपभोक्ता समूहहरु छनौट गरिएको थियो ।



पश्चिम तराईमा घोषणा गरिएका निकुञ्ज र आरक्ष भन्दा ठूला संरक्षित वनहरु ( मोहना-लालझाडी, वसन्ता र खता)

***रणनीतिक दूरदृष्टि :*** संरक्षित वन क्षेत्रहरुमा सामुदायिक वन अधिकारको सुनिश्चितताका लागि कस्तो रणनीतिक दूरदृष्टि तय गर्ने भन्ने विषयमा छलफल गर्नका लागि २०७३ मा एक राष्ट्रिय कार्यशाला गोष्ठि आयोजना गरिएको थियो । उक्त गोष्ठिबाट “संरक्षित वनमा सामुदायिक अधिकारको सुनिश्चितताका लागि सामुदायिक वन” भन्ने दूरदृष्टि तय गरिएको थियो ।

***वन अधिकारको विद्यमान अवस्था आकंलन :*** संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको अधिकारको विद्यमान हैसियत के कस्तो अवस्थामा रहेको छ र वनमाथि विपन्न वर्ग, दलित, अल्पसंख्यक आदिवासी समुदाय र महिलाको अधिकारको विद्यमान हैसियत के कस्तो अवस्थामा रहेको छ भन्ने बारेमा विभिन्न विधिहरु अवलम्बन गरी समीक्षा एवं मूल्यांकन गरिएको थियो ।

***कानूनी समीक्षा :*** संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको कानूनी हैसियतका साथै उपभोक्ता समूहले भोग्दै आएका कानूनी चुनौति र जोखिमहरुको बारेमा पनि अल्लगै अध्ययन गरिएको थियो ।

***क्षमता विकास :*** संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहको विद्यमान अवस्था र वन अधिकार अभियानका बारेमा मूल्यांकन गर्ने क्रममा उपभोक्ता समूहको कानूनी अधिकार, लैङ्गिक समता, सामाजिक समावेशीकरण, सुशासन र वन उद्यम विकासका विषयमा क्षमता विकासका कामहरु पनि गरिएका थिए ।

***जनवकालत :*** सामुदायिक वनको रुपमा व्यवस्थापन भइरहेका वन क्षेत्रहरुमा नै संरक्षित वनहरु घोषणा भएकोले यसबाट सामुदायिक वन अधिकारमा कटौति भएको छ । त्यसैले संरक्षित वनमा विद्यमान रहेका सामुदायिक वन अधिकारका सवालमा वन ऐन २०४९ र वन नियमावली २०५१ मा सुधार हुनुपर्ने विषयहरु पहिचान गरी नीतिगत तहमा जनवकालतका कार्यहरु भइरहेका छन् । वन ऐन २०४९ र वन नियमावली २०५१ मा संरक्षित वनका विषयमा विभिन्न व्यवस्थाहरु थप गरिएको भएपनि सामुदायिक वन अधिकारको सन्दर्भमा उक्त थप गरिएका व्यवस्थाहरु अझैपनि प्रयाप्त छैनन् भन्ने कुरा देखिएको छ ।



पञ्चासे संरक्षित वनमा सामुदायिक वन अधिकारको अवस्था समीक्षा र रणनीति निर्माणका लागि उपभोक्ता समूहको छलफल, फोटो : दिलराज खनाल

***समीक्षा एवं मूल्यांकन विधिहरु :*** संरक्षित वनमा सामुदायिक वनको अवस्था मूल्यांकनका लागि संरक्षित वन परिषद्सँग गोष्ठि तथा छलफल, उपभोक्ता समूहहरुसँग लक्षित समूह छलफल, अन्तरवार्ता, विभिन्न वन उपभोक्ताहरुमा अनुभव आदान-प्रदान आदि विधि प्रयोग गरिएको थियो भने संरक्षित वन तथा सामुदायिक वनसम्बन्धी विभिन्न नीति तथा कानून, वन उपभोक्ता समूहका वन व्यवस्थापन योजना र अन्य सान्दर्भिक प्रतिवेदन र प्रकाशनहरुको अध्ययन तथा पूनरावलोकन गरिएको थियो ।

# २.संरक्षित वन व्यवस्थापनमा सामुदायिक वनको भूमिका

## २.१ संरक्षित वन क्षेत्रमा सामुदायिक वन

| संरक्षित वन क्षेत्रहरु | सामुदायिक वन |
|---|---|
| **लालझाडी-मोहना, कञ्चनपुर**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : २९,६४२ | उपभोक्ता समूह : १०२<br>क्षेत्रफल (हे.) : १०,०६२ |
| मुख्य विशेषता : वन्यजन्तुको जैविक मार्ग पुनस्थापना एवं बासस्थान संरक्षण, स्थानीय समुदायको जीविकोपार्जनको आधार । | |
| **बसन्ता, कैलाली**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : ६९,००१ | उपभोक्ता समूह : ८८<br>(प्रस्तावित ७१)<br>क्षेत्रफल (हे.) : ४५,३७४ |
| मुख्य विशेषता : वन्यजन्तुको जैविक मार्ग पुनस्थापना एवं बासस्थान र सिमसार संरक्षण, स्थानीय समुदायको संस्कृती र जीविकोपार्जनको आधार । | |
| **खाता, बर्दिया**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : ४,५०४ | उपभोक्ता समूह : ५७<br>क्षेत्रफल (हे.) : ४,२४० |
| मुख्य विशेषता : ठूला वन्यजन्तुको बासस्थान तथा जैविक मार्ग संरक्षण र स्थानीय समुदायको जीविकोपार्जन । | |
| **काँक्रे विहार, सूर्खेत**<br>घोषणा : २०५९।१।३०<br>क्षेत्रफल (हे.) : १७५ | सबै वन क्षेत्र सरकारी नियन्त्रण रहेको । |
| मुख्य विशेषता : ऐतिहासिक पुरातात्विक महत्व एवं पर्या-पर्यटन | |
| **बरण्डाभार, चितवन**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : १०४६६ | उपभोक्ता समूह : १६<br>क्षेत्रफल (हे.) : ३,२०० |
| मुख्य विशेषता : बाघ र गैंडा लगायतका वन्यजन्तुबो जैविक मार्ग एवं बासस्थान संरक्षण र स्थानीय वासिन्दाको जीविकोपार्जन | |
| **पञ्चासे, कास्की पर्वत र स्याङ्जा**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : ५,७७६ | उपभोक्ता समूह : १०८<br>क्षेत्रफल (हे.) : ४,२१२ |
| मुख्य विशेषता :दुर्लभ जडिबुटी (अर्किड) संरक्षण, जलाधार संरक्षण एवं पर्यापर्यटन र स्थानीय वासिन्दाको जीविकोपार्जन | |
| **मदाने, गुल्मी**<br>घोषणा : २०६८।११।१५<br>क्षेत्रफल (हे.) : १३,७६१ | उपभोक्ता समूह : ५६<br>क्षेत्रफल (हे.) : लगभग सबै क्षेत्र सामुदायिक वन |
| मुख्य विशेषता : प्राकृतिक सौन्दर्य एवं पारिस्थितिकीय प्रणाली संरक्षण र स्थानीय वासिन्दाको जीविकोपार्जन | |
| **धनुषाधाम, धनुषा**<br>घोषणा : २०६९।१०।४<br>क्षेत्रफल (हे.) : ३६० | उपभोक्ता समूह : सार्वजनिक वनको रुपमा परम्परागत व्यवस्थापन । |
| मुख्य विशेषता : सांस्कृतिक धार्मिक महत्व एवं पर्या-पर्यटन | |

नेपालमा वन ऐन २०४९ को दफा २३ मा नेपाल सरकारलाई राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, बैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई संरक्षित वनको रुपमा घोषित गर्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ । वनसम्बन्धी सोही कानूनी व्यवस्थाका आधारमा नेपालमा विभिन्न समयमा सामुदायिक वनहरु रहेका क्षेत्रहरुमा नै संरक्षित वनहरु घोषणा गरिदै आएको छ । वन ऐनमा गरिएको यो व्यवस्थाको मुख्य आशय वातावरणीय, बैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको कुनै सिमित राष्ट्रिय वनलाई संरक्षित वन घोषणा गर्न सकिने भन्ने भएतापनि ठूलो क्षेत्रमा फैलिएका र खासगरी वन्यजन्तुको वासस्थान र जैविक मार्गमा रहेका वनहरुलाई संरक्षित वनको रुपमा घोषणा गरिदै आएको छ, जहाँ संरक्षित वनहरु घोषणा गर्नुपूर्व नै सामुदायिक वनको माध्यमबाट सामुदायिक संरक्षणका कार्यहरु हुँदै आएका छन् । त्यस्तै केही संरक्षित वन क्षेत्रहरुमा समुदायमा आधारित कबुलियती वन र धार्मिक वनहरु पनि रहेका छन् । यसरी सामुदायिक वन तथा अन्य समुदायमा आधारित वनको माध्यमबाट संरक्षण हुँदै आएका वनहरुलाई नै संरक्षित वनको रुपमा घोषणा गर्दा सामुदायिक वनको अधिकार कटौति हुने, वनमा सामुदायिक वन उपभोक्ता समूह र संरक्षित वन परिषद्का बीचमा दोहोरो क्षेत्राधिकार सिर्जना हुने, वन पैदावारको दिगो उपयोग भन्दा पनि संरक्षण केन्द्रित वन व्यवस्थापन योजनाहरु तर्जुमा गर्ने र यस्ता संरक्षणमुखी वन व्यवस्थापन योजनाका कारण वन पैदावारमा जीवन निर्भर रहेका खासगरी विपन्न, दलित, अल्पसंख्यक आदिवासी जनजाति र महिलाहरु वनमाथिको समग्र पहुँचबाट बञ्चितीकरणमा पर्ने अवस्था सिर्जना हुँदै आएको देखिन्छ ।

## २.२ संरक्षित वनबाट प्रभावित सामुदायिक वन

संरक्षित वन घोषणा भएमा ८ वटा क्षेत्रहरुमा ४३० वटा सामुदायिक वन उपभोक्ता समूहहरु रहेका छन् भने १५० भन्दा धेरै सामुदायिक वनहरु प्रस्तावित रुपमा रहेका छन् । यी सामुदायिक वनका माध्यमबाट नै संरक्षित वनमा रहेको जैविक विविधता, पारिस्थितिक प्रणाली, वन्यजन्तुको वासस्थान र जैविक मार्गहरु संरक्षित भएका छन् । यद्यपि, संरक्षित वन घोषणा भएपश्चात् सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको अधिकार खुम्चिन पुगेको हुनाले वन पैदावारमाथिको पहुँचमा कमी आएको छ । विगतमा वनसम्बन्धी सरकारी कार्यक्रमहरु सिधै सामुदयिक वन उपभोक्ता समूह मार्फत परिचालन हुँदै आएकोमा संरक्षित वन घोषणा पश्चात् सरकारी कार्यक्रमहरु संरक्षित वन परिषद् मार्फत परिचालन गर्ने गरिएको छ, जसले गर्दा वन व्यवस्थापनसँग सम्बन्धित कार्यमा कम सघाउ पुगेको हुनाले उपभोक्ता समूहले आफ्नै स्रोत र साधन परिचालन गरी सामुदायिक वनको सरक्षण र व्यवस्थापान गर्दै आएको पाइएको छ । त्यसैले संरक्षित वनको संस्थागत संरचना सामुदायिक वनमुखी बनाउनु पर्ने अवस्था रहेको छ ।

## २.३ संरक्षित वन क्षेत्रका सामुदायिक वनहरुको मुख्य विशेषताहरु

संरक्षित वन क्षेत्रमा रहेका सबै सामुदायिक वनहरुको मुख्य विशेषता भनेको संरक्षणमा योगदान हो । संरक्षित वन घोषणा गरिएका क्षेत्रमा रहेको सामुदायिक वनहरुले कुनै न कुनै रुपमा वन्यजन्तुको वासस्थान र जैविक मार्ग संरक्षण र व्यवस्थापन गर्दै आएका छन् । त्यसैले संरक्षित वनमा रहेका सामुदायिक वनहरुले विगतमा छिन्नभिन्न भएका जैविक मार्गहरुलाई जोड्नका लागि मद्धत गर्दै आएका छन् । त्यस्तै संरक्षित वनमा रहेका सामुदायिक वनहरु नै विगत केही वर्षदेखि वन्यजन्तुको वासस्थानको रुपमा रहँदै आएका छन् । यसरी संरक्षित वनमा रहेका सामुदायिक वनले वन्यजन्तुको जैविक मार्ग र वासस्थानको पहिचान बनाएका छन् ।



चितवनको वरण्डाभार क्षेत्रमा सामुदायिक वनद्दारा संरक्षित बीशहजारी ताल, फोटो : रमेश भुसाल ।

तराई क्षेत्रमा रहेका चितवनको बरण्डाभारा, कैलालीको वसन्ता र कञ्चनपुरको मोहना-लालझाडी संरक्षित वनमा रहेका सामुदायिक वनहरुले तराईको वन तथा सरक्षित क्षेत्र र चुरे क्षेत्रमा रहेको वनका बीच जैविक मार्गको काम गर्दै आएका छन् भने बर्दियाको खाता संरक्षित वनमा रहेका सामुदायिक वनहरुले विभिन्न संरक्षित क्षेत्रहरुलाई जोड्ने जैविक मार्गको रुपमा योगदान गरीरहेका छन् । पहाडी क्षेत्रमा रहेका गुल्मीको मादने र कास्की, पर्वत एवं स्याञ्जामा रहेको पञ्चासे संरक्षित वनमा रहेका सामुदायिक वनहरुले उक्त क्षेत्रमा रहेका जलाधार र पानीका स्रोतहरुको संरक्षण गरी तल्लो तटीय क्षेत्रमा पानी आपूर्ति र सिमसार क्षेत्रको संरक्षणमा योगदान गर्दै आएका छन् ।

यसैगरी सबै संरक्षित वनमा रहेका सामुदायिक वनहरुले कुनै न कुनै रुपमा सांस्कृतिक, आध्यात्मिक तथा धार्मिक महत्व बोकेका क्षेत्र तथा स्थलहरुको संरक्षण र विकासमा योगदान गर्दै आएका छन्, किनकी यस्ता कैयौं सांस्कृतिक महत्व बोकेका स्थानहरु संरक्षित वनमा रहेका सामुदायिक वनको क्षेत्र अन्तर्गत नै पर्दछन् ।

## २.४ सरक्षित वन क्षेत्रका सामुदायिक वन उपभोक्ता समूहको सामाजिक-आर्थिक अवस्था



महिलाहरु सालको पातबाट दुना टपरी बनाउँदै । फोटो : विरेन्द्र केसी

संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुको सामाजिक तथा सांस्कृतिक अवस्था मूल्यांकन गर्दा यी सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुमा अल्पसंख्यक सहितका विभिन्न आदिवासी जनजातिहरुको उल्लेख्य बसोवास रहेको छ । सामुदायिक वनसँग यी जातजातिहरुको विभिन्न सांस्कृतिक सम्बन्धहरु जेडिएको छ भने संरक्षित वनमा रहेका सामुदायिक वनको व्यवस्थापन गर्ने अधिकांश वन उपभोक्ताहरु कृषि तथा पशुपालन र तरकारी खेतिमा संलग्न हुँदै आएका छन्, जसले गर्दा उनिहरुको लागि सामुदायिक वनको व्यवस्थापन जीवनको एउटा अभिन्न अङ्ग बन्दै आएको छ । ठूलो क्षेत्रमा फैलिएका सरक्षित वनमा रहेका सामुदायिक वन नै यहाँका वासिन्दाका लागि पशुपालन गर्न घाँस संकलन गर्ने र विभिन्न क्षेत्रमा चरीचरन गराउने कार्य गर्दै आएका छन् । विभिन्न अध्ययनले सरक्षित वन विनासको एउटा कारण अधिक चरीचरण हो भन्ने कुराहरु औल्याउँदै आएपनि खासगरी सामुदायिक वनको व्यवस्थापन शुरु भएपछि चरीचरन पनि व्यवस्थित हुँदै आएको र सामुदायिक वनमा गरिने घाँस खेतिले बधुँवा पशुपालनका लागि महत्वपूर्ण रुपमा योगदान गरेको पाइएको छ ।

संरक्षित वनमा रहेका सामुदायिक वनहरुको मुख्य आम्दानी वन पैदावारको विक्री वितरण र पर्या-पर्यटन सेवा हो । सामुदायिक वनका माध्यमबाट गरिदै आएको आर्थिक योगदानका कारण उपभोक्ता समूहमा आवद्ध भएका घरधुरीका खासगरी विपन्न परिवारको आर्थिक हैसियतमा क्रमशः सुधार आएको देखिन्छ । त्यस्तै संरक्षित वन क्षेत्रको विनासको अर्को मुख्य कारण खाना पकाउने उर्जाका लागि अधिक दाउरा संकलन हो भन्ने कुरा देखिएकोले सोको समाधानका लागि सामुदायिक वनका माध्यमबाट आर्जित आम्दनीको एउटा ठूलो हिस्सा वायोग्याँस, सौर्य उर्जा, लघु जलविद्युत आयोजना र सुधारिएको चुलो निर्माणमा लगानी हुँदै आएको छ, जसबाट खासगरी संरक्षित वनमा रहेका सामुदायिक वनमा दाउरा संकलनको प्रभाव क्रमशः घट्दै गएको छ । स्थानीय वन उद्यमको विकासमा पनि सामुदायिक वनले योगदान गर्दै आएका छन् । यसरी संरक्षित क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले अन्य क्षेत्रका सामुदायिक वनको तुलनामा संरक्षणमूखी कार्यहरुमा अतिरिक्त उद्यम विकास आय आर्जनमा पनि योगदान गर्दै आएको देखिन्छ ।

## २.५ संरक्षित वनको संरक्षणमा समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको भूमिका

संरक्षित वनहरुमा सामुदायिक वनहरुको अतिरिक्त सामुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको रुपमा रहेका अन्य वन व्यवस्थापन प्रणालीहरु जस्तै विपन्न समुदायका कबुलियती वन, धार्मिक वन र आदिवासी समुदायका परम्परागत वन व्यवस्थापन प्रणालीहरु पनि रहेका छन् । यी वन व्यवस्थापन प्रणालीहरु मध्ये विपन्नमूखी कबुलियती वनले वन क्षेत्रमा पहिचान भएका विभिन्न विपन्न परिवारको वनमाथिको पहुँचलाई बढाएको छ भने आदिवासी समुदायका परम्परागत वन व्यवस्थापन पद्धतिहरुले वन क्षेत्रमा आदिवासीहरुको परम्परागत पहुँच (जस्तै : व्यवस्थित चरीचरन, जडीबुटी संकलन आदि) लाई निरन्तरता दिएको छ । यसैगरी संरक्षित वन क्षेत्रहरुमा विभिन्न सांस्कृतिक तथा धार्मिक र पवीत्र क्षेत्रहरु पनि रहेकोले यी क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा धार्मिक-सांकृतिक समुदायले व्यवस्थापन गर्दै आएका वन उपभोक्ता समूहले पनि वन संरक्षण र व्यवस्थापनमा योगदान गर्दै आएका छन् ।

# ३. वन स्रोतमाथिको अधिकार र वकालतका अभियानहरु

नेपालको वन ऐन २०४९ मा तय गरिएका विभिन्न वन व्यवस्थापन प्रणालीहरु मध्ये सबैखाले वन व्यवस्थापन प्रणालीहरुको आ-आफनै विशेषता रहेको छ । वनमाथिको स्थानीय समुदायको अधिकार र भूमिकाको दृष्टिकोणले सामुदायिक वन उत्कृष्ट भएपनि सामुदायिक वन क्षेत्रमा नै संरक्षित वन र विभिन्न किसिमका संरक्षित क्षेत्रहरु घोषणा गरिदै आएकोले सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको अधिकार र भूमिका कटौति हुँदै आएको छ । त्यसैले संरक्षित वनमा परेका सामुदायिक वन उपभोक्ता समूहले वनमाथिको आफ्नो अधिकारका लागि विभिन्न जनवकालतका कार्यहरु गर्दै आएका छन् ।

## ३.१ संरक्षित वनसम्बन्धी कानूनका मुख्य विशेषताहरु

***संरक्षित वनको घोषणा :*** वन ऐन २०४९ को दफा २३ अनुसार नेपाल सरकारलाई राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, बैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनको रुपमा घोषित गर्न सक्ने व्यवस्था गरिएको छ । कानूनमा गरिएको यो व्यवस्था अनुसार उक्त प्रयोजनका लागि ठूलो क्षेत्रमा फैलिएका वनहरु भन्दा पनि सानो क्षेत्रमा यी महत्वका लागि विषेश भूमिका रहेका वनहरुलाई संरक्षित वन घोषणा गर्न सकिने अवस्था रहन्छ । तर नेपाल सरकारले यो व्यवस्थाको प्रयोग गरी ठूलो क्षेत्रमा फैलिएका वनहरुलाई संरक्षित वन घोषणा गरिएकोले सामुदायिक वनहरु प्रभावित हुँदै आएका छन् ।

संरक्षित वन घोषणा गर्नुपूर्व प्रभावित समुदायसँग परामर्श गर्नु पर्ने, संरक्षित वनको सिमाना र क्षेत्र निर्धारण गर्ने र संरक्षित वन घोषणा गरी त्यसको व्यवस्थापन योजना बनाउँदा के कस्तो प्रक्रिया पुरा गर्नुपर्ने भन्ने बारेमा वन ऐन २०४९ र वन नियमावली २०५१ मा स्पष्ट व्यवस्था गरिएको छैन, त्यसैले सामुदायिक वन समेत प्रभावित हुनेगरी संरक्षित वन घोषणा गर्दास्थानीय समुदायको परामर्श विना केन्द्रिकृत रुपमा घोषणा गरिदै आएको छ भने संरक्षित वनका वन व्यवस्थापन योजनाहरुको तर्जुमा प्रक्रिया पनि सहभागितामूलक हुन सकेको छैन । राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनको रुपमा घोषित गरेपछि त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था गरिएकोले हालसम्म घोषणा गरिएका संरक्षित वनहरुको संक्षिप्त विवरण विभिन्न समयमा नेपाल राजपत्रमा प्रकाशन गरिएको छ । यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन भएपछि मात्र संरक्षित वनको सिमाना र क्षेत्र अवगत हुने अवस्था रहेकोले यस प्रक्रियामा स्थानीय समुदायले आफ्ना सरोकारहरु उजागर गर्न पाएका छैनन् ।

***संरक्षित वनको वन व्यवस्थापन योजना तर्जुमा :*** वन ऐन २०४९ को दफा २४ मा गरिएको व्यवस्था अनुसार संरक्षित वनको वन व्यवस्थापन योजना तर्जुमा प्रक्रियामा वन कार्यालयको निर्णायक भूमिका रहने व्यवस्था गरिएको छ, जस अनुसार संरक्षित वनको व्यवस्थापन योजना जिल्ला वन कार्यालयले तर्जुमा गरी वन विभागले स्वीकृत गर्नुपर्ने व्यवस्था गरिएको छ । वन विभागले स्वीकृत गरेको वन व्यवस्थापन योजना जिल्ला वन कार्यालयले कार्यान्वयन गर्ने व्यवस्था गरिएकोले संरक्षित वन भित्र गरिने वन व्यवस्थापनका क्रियाकलाप र वन पैदावारको विक्री वितरणमा वन अधिकृतको महत्वपूर्ण भूमिका र नियन्त्रण रहँदै आएको छ । त्यसैगरी संरक्षित वनभित्र रहेका अन्य वन व्यवस्थापन प्रणालीहरुको व्यवस्थापन गर्दा संरक्षित वनको कार्ययोजना अनुरुप नै गर्नुपर्ने व्यवस्था गरिएको छ, जसले गर्दा संरक्षित वनमा रहेका सामुदायिक वनका व्यवस्थापन योजनाहरुको अलग्गै र स्वायत्त हैसियतमाथि जोखिम सिर्जना हुँदै आएको छ । संरक्षित वन घोषणा पश्चात् सामुदायिक वनका व्यवस्थापन योजनाहरु परिमार्जन गरी संरक्षणमूखी प्रावधानमा मात्र प्राथमिकता दिएकोले वन स्रोतमाथिको परम्परागत पहुँच र आधारभूत अधिकारहरुमा अवरोध सिर्जना भइरहेको हुनाले स्थानीय समुदायहरु यसमा सुधारको लागि जनवकालत गर्दै आएका छन् ।

## ३.२ संरक्षित वन व्यवस्थापन योजनाका विषयवस्तुहरु

संरक्षित वनको व्यवस्थापन योजनामा समावेश गरिने विषयवस्तुहरुले वनमाथि स्थानीय समुदायको अधिकार, पहुँच र भूमिका निर्धारणमा महत्व राख्दछ । वन ऐन २०४९ मा संरक्षित वनको व्यवस्थापन योजनामा समावेश गरिने विषयवस्तु उल्लेख गरिएको छैन र नियमावलीमा पनि यस विषयमा प्रयाप्त व्यवस्था नगरिएको भएपनि संरक्षित वनका व्यवस्थापन योजनाहरुमा वन कार्यालयहरुले आफूलाई आवश्यक लागेका कुराहरु समावेश गरी व्यवस्थापन योजना बनाउने गरिएको थियो । त्यसैले संरक्षित वन व्यवस्थापन योजना तर्जुमा प्रक्रिया र यसमा समावेश गरिने विषयवस्तुहरुका बारेमा वन नियमावलीमा संशोधन हुनुपर्ने आवाजहरु उठिरहेका छन् । स्थानीय प्रभावित समुदायको सरोकारलाई मध्यनजर गर्दै संरक्षित वनको व्यवस्थापन योजनामा संरक्षित वनको विवरण र वन संरक्षण तथा व्यवस्थापन गर्न अपनाइने तरिकाहरुका अतिरिक्त वन पैदावार उपयोगसम्बन्धी व्यवस्थाहरु थप गर्न शुरु गरिएको थियो ।

यसै क्रममा वन नियमावली २०५१ को छैठौं संशोधनका लागी तयार गरिएको प्रस्तावमा संरक्षित वनको व्यवस्थापन योजनामा पर्यापर्यटन विकास; वन्यजन्तुको संरक्षण; सिमसार संरक्षण; जलाधार संरक्षण; विशेष प्रजातिहरुको संरक्षण; धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका स्थानहरुको संरक्षण; वातावरणीय सेवाको उपयोग र आम्दानीको स्रोत एवं यसको उपयोगसम्बन्धी व्यवस्थाहरु पनि समावेश गर्ने व्यवस्था थप गरिएको छ । वन व्यवस्थापन योजनमा यी विषयहरु थप गर्दा हालका संरक्षित वनका वन व्यवस्थापन योजनाहरु परिमार्जन गर्नुपर्ने हुन्छ र यस क्रममा सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वन अनुकूल हुने किसिमका व्यवस्थाहरु समावेश गर्नका लागि जनवकालत गर्न सक्दछन् । यद्यपि, यसका लागि स्वयं सामुदायिक वन उपभोक्ता समूहको क्षमता विकास भई सहभागितामूलक रुपमा वन व्यवस्थापन योजना तर्जुमा भएको हुनु पर्दछ ।

## ३.३ संरक्षित वनको वन पैदावार परिचालन

वन ऐन २०४९ तथा वन नियमावली २०५१ मा संरक्षित वनको वन पैदावार परिचालनका बारेमा स्पष्ट व्यवस्था गरिएको छैन् । संरक्षित वन अन्तर्गतका सामुदायिक वनको वन पैदावार सामुदायिक वनका कार्ययोजना अनुसार परिचालन गर्ने व्यवस्था गरिएको हुनाले संरक्षित वनबाट प्रभावित स्थानीय

समुदायका वन उपभोक्ताहरुलाई वन स्रोतमा पहुँचको अभाव महसुश भएको छैन । यद्यपि, संरक्षित वनमा रहेका सामुदायिक वनका व्यवस्थापन योजनाहरु पनि संरक्षणमूखी उद्देश्यबाट अभिप्रेरित भई तर्जुमा गरिएको र संरक्षणमूखी व्यवस्थाहरुमा मात्र प्राथमिकता दिइएकोले आवश्यकता अनुसार वन पैदावार संकलन र परिचालन हुन सकेको छैन ।

त्यसैगरी प्राय सबै संरक्षित वन क्षेत्रहरुमा सामुदायिक वनको रुपमा हस्तान्तरण नगरिएका घना वन क्षेत्रहरु सरकारी नियन्त्रणमा नै रहेका छन्, जहाँबाट प्रयाप्त मात्रामा काठ दाउरा र जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरु संकलन गर्न सकिन्छ । संरक्षित वनमा रहेका यस्ता वन पैदावारहरु सामुदायिक वनका कारण संरक्षण भइरहेको भएतापनि संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले उक्त वन पैदावारमा पहुँच पाउन सकेका छैनन् । त्यसैले संरक्षित वन क्षेत्रमा सामुदायिक वनको रुपमा हस्तान्तरण नभएको क्षेत्रहरु सामुदायिक वनको रुपमा हस्तान्तरण गर्ने र यसरी सामुदायिक वनको रुपमा हस्तान्तरण हुन नसक्ने वन क्षेत्रका वन पैदावारहरु सामुदायिक वन उपभोक्ता समूहको सामुहिक संयन्त्र वा सामुदायिक वन सहकारी संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थाको माग हुँदै आएको छ ।

वन नियमावली २०५१ को छैठौं संशोधन प्रस्तावमा संरक्षित वन क्षेत्रभित्र सामुदायिक वनको रुपमा हस्तान्तरण नभएका वन क्षेत्रको केही वन पैदावार संरक्षित वन परिषद्ले विक्री वितरण गर्ने व्यवस्था समावेश गरिएको छ । यद्यपि, यसका लागि संरक्षित वन परिषद्ले विक्री वितरण गर्ने वन पैदावारको प्रचलित राजस्व बराबरको मूल्य भने वन कार्यालयलाई उपलब्ध गराउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको छ, जसले गर्दा संरक्षित वन परिषद्ले पनि वन पैदावार व्यापार गर्ने निकायको रुपमा काम गर्नुपर्ने हुन्छ, जुन कार्य गर्न संरक्षित वन परिषद्बाट कम सम्भावना रहेको छ, किनकी संरक्षित वन परिषद् कुनै दैनिक व्यवस्थापकीय कार्य गर्ने संस्था नभई एउटा समन्वयकारी र अनुगमनकारी संयन्त्रको रुपमा मात्र परिचालित हुन सक्दछ ।

## ३.४ संरक्षित वन क्षेत्रका सामुदायिक वनमा पर्यापर्यटन

संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहको एउटा महत्वपूर्ण कार्य पर्यापर्यटन कार्यक्रम सञ्चालन पनि हो । यसका माध्यमबाट संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहले वनको संरक्षण र व्यवस्थापनका साथै आय आर्जन र रोजगारीका अवशर समेत सिर्जना गरेका छन् । यद्यपि, यी सबै कार्यहरु वनसम्बन्धी कानूनमा व्यवस्था गरिएको आधारमा नभई सामुदायिक वनको कार्ययोजनामा उल्लेख गरिएको आधारमा सञ्चालन हुँदै आएका छन्, जसले गर्दा यी संरक्षित वनमा रहेका सामुदायिक वनमा सञ्चालन गरिने पर्यापर्यटन कार्यक्रम वन कार्यालयको निगाहमा सञ्चालित छन् । त्यसैले सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाउने विषयमा वन ऐन र निममावलीमा नै समेट्नु पर्ने माग भएकोले वन ऐन २०४९ को दोस्रो संशोधन २०७३ र वन नियमावली २०५१ को छैठौं संशोधनको प्रस्ताव २०७४ मा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था समावेश गरिएको छ ।

वन ऐन २०४९ को दफा ३०ख मा सामुदायिक वन उपभोक्ता समूहले वन व्यवस्थापन योजनामा व्यवस्था गरी पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था गरिएकोले राष्ट्रिय वन व्यवस्थापन गर्ने सबै किसिमका सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्दछन् । त्यस्तै, वन नियमावली २०५१ को संशोधन प्रस्तावमा पनि सबै किसिमका सामुदायिक वन उपभोक्ता समूहले विभिन्न किसिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाउने व्यवस्था समावेश गरिएको छ, यद्यपि पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नुपूर्व त्यस्ता कार्यक्रमहरु वन कार्यालयमा दर्ता गरेर मात्र

सञ्चालन गर्न पाउने व्यवस्था गर्न लागिएकोले यसबाट पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने सामुदायिक वन उपभोक्ता समूहहरुले प्रक्रियागत झमेला व्यहोनु पर्ने अवस्था रहन्छ ।



सामुदायिक वनद्वारा संरक्षित सिमसार क्षेत्रमा पर्यापयटन, फोटो : दिलराज खनाल

संरक्षित वनमा पर्यापर्यटनका लागि सामुदायिक वनका व्यवस्थापन योजनाहरुमा विभिन्न व्यवस्थाहरु गरिएको भएपनि वन नियमावलीको छैठौं संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्थामा संरक्षित वनभित्र भ्यूटावर, वनभोज स्थल, पैदल हिड्ने बाटो र अस्थायी खालका घर छाप्रा बनाउनको लागि संरक्षित वन परिषद्को सिफारिसमा वन अधिकृतको सहमति लिनु पर्ने व्यवस्था थप गरिएको छ भने सो भन्दा ठूला प्राकृतिका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न वातावरणीय परीक्षण गरी मन्त्रालयबाट सञ्चालन अनुमति लिनुपर्ने व्यवस्था प्रस्ताव गरिएकोले संरक्षित वन क्षेत्रमा वा त्यहाँ रहेका सामुदायिक वनमा ठूला प्राकृतिका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सहज नहुने अवस्था सिर्जना भएको छ । यस्तो व्यवस्था सामुदायिक वनको रुपमा हस्तान्तरण भएको क्षेत्रमा पनि लागु हुने हो की सामुदायिक वनको रुपमा हस्तान्तरण हुन बाँकी रहेको क्षेत्रमा मात्र लागु हुने हो भन्ने बारेमा स्पष्टताको कमी रहेको छ । संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनको एउटा उद्देश्य पर्यापर्यटनको विकास गरी रोजगारी र आय आर्जनका अवशर सिर्जना गर्नुपनि रहेकोले पर्यापर्यटनका लागि असहज खालका व्यवस्था भन्दा पनि प्राविधिक सहयोग र सहजीकरणको आवश्यकता खड्किदै आएको देखिन्छ ।

## ३.५ संरक्षित वन क्षेत्रका सामुदायिक वनमा भौतिक पूर्वाधार विकासको प्रभाव

नेपालका संरक्षित वनहरु र यहाँ रहेका सामुदायिक वनहरु जैविक विविधता, वन्यजन्तुको वासस्थान र जैविक मार्गको संरक्षण र व्यवस्थापनका दृष्टिकोणले निकै महत्वपूर्ण मानिदै आएका छन् । तथापि, खासगरी तराई क्षेत्रमा रहेका वरण्डाभार, खाता, बसन्ता र मोहना-लालझाडी संरक्षित वन र त्यहाँ रहेका सामुदायिक वनहरु विभिन्न ठूला भौतिक पूर्वाधार विकासका क्रियाकलापहरुबाट प्रभावित हुँदै आएका छन् ।

नेपालको वातावरण संरक्षण ऐन २०५४ को अनुसूची १ र २ अनुसार संरक्षित वन क्षेत्र, सामुदायिक वन लगायतका सबै खाले वन क्षेत्रमा कुनै पनि प्रकारका भौतिक विकासका कार्यहरु गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी भौतिक विकासबाट वन तथा वातावरण र जैविक विविधताका साथै आदिवासी जनजाति र स्थानीय समुदायका समाजिक आर्थिक पक्षमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्नुपर्ने हुन्छ । यद्यपि, भौतिक विकासका क्रियाकलापहरुबाट संरक्षित वनमा रहेका सामुदायिक वनहरुमा परेको प्रतिकूल सामाजिक र वातावरणीय प्रभावहरुको प्रभावकारी रुपमा सम्बोधन हुन सकेको छैन ।

चितवनको वरण्डाभार संरक्षित वनमा रहेका सामुदायिक वन क्षेत्रहरु ठूला लोकमार्ग, राष्ट्रिय विद्युत प्रसारण लाईन, औद्योगिक क्षेत्र, ठूला होटल तथा फोहरमैला व्यवस्थापन क्षेत्रबाट प्रभावित हुँदै आएका छन् । वातावरणमैत्री विकास संरचनाको अभाव र सामुदायिक वन क्षेत्र प्रभावित हुनेगरी सञ्चालन गरिने भौतिक विकासका आयोजनाहरु तर्जुमा गर्नुपूर्व प्रभावित समुदायसँग पूर्वसूचित सहमति नलिने र परामर्श सम्म पनि नगर्ने केन्द्रिकृत निर्णय प्रक्रियाले गर्दा संरक्षित वन क्षेत्रका सामुदायिक वनहरु प्रभावित हुँदै आएका छन् ।



चितवनको बरण्डाभार क्षेत्रमा रहेका सामुदायिक वनमा नरपालिकाबाट फालिएको फोहोर, फोटो : राज क्षेत्री

त्यस्तै पश्चिम नेपालमा रहेको बर्दियाको खाता, कैलालीको बसन्ता र कञ्चनपुरको मोहना-लालझाडी संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनहरु खासगरी विभिन्न पहुँच सडकहरुको निर्माण र विद्युत प्रसारण लाइनको निर्माणबाट प्रभावित हुँदै आएका छन् भने पहाडी क्षेत्रमा रहेको गुल्मीको मदाने संरक्षित वन र कास्कीको पञ्चासे संरक्षित वनमा रहेका सामुदायिक वनहरु ठूला होटल व्यावसाय, पर्यटन व्यवसाय, कृषि तथा ग्रामिण सडक निर्माण आदिबाट प्रभावित हुँदै आएका छन् ।

यी विभिन्न खाले भौतिक पूर्वाधारसम्बन्धी विकास निर्माणका क्रममा सामुदायिक वनमा भएको क्षति वापत सम्बन्धित परियोजनाहरुले क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने व्यवस्था भएपनि न्यायोचित् क्षतिपूर्ति उपलब्ध नगराएको कारण यी क्षेत्रमा सामुदायिक वन उपभोक्ता समूहहरु समय समयमा आन्दोलित हुँदै आएका छन् । त्यस्तै सामुदायिक वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त भौतिक पूर्वाधार विकासका कार्यहरु गर्दा अवलम्बन गर्नुपर्ने सामाजिक र वातावरणीय मापदण्डको पालना नभएको कारण जैविक विविधताका साथै स्थानीय समुदाय पनि प्रभावित हुँदै आएको पाइएको छ ।

## ३.६ संस्थागत संरचना

संरक्षित वन क्षेत्र घोषणा गरिए पनि यी क्षेत्रहरुको दिगो व्यवस्थापनका लागि आधिकारिक र प्रभावकारी संस्थागत संरचनाको रुपमा सामुदायिक वन उपभोक्ता समूह, समुदायमा आधरित कबुलियती वन उपभोक्ता समूह र धार्मिक वन उपभोक्ता समूहहरु नै रहेका छन् । संरक्षित वन घोषणा गर्ने समयमा वनसम्बन्धी कानूनहरुमा कुनै पनि संस्थागत सरचनाको व्यवस्था नगरी संरक्षित वन घोषणा गरिएको थियो, जसले गर्दा संरक्षित वन अन्तर्गत सामुदायिक वनको रुपमा हस्तान्तरण नभएका क्षेत्रहरु अलपत्र परेपश्चात् कुनै बैधानिक आधारविना संरक्षित वन व्यवस्थापन योजनामा संरक्षित वन परिषद्को व्यवस्था गरिएको थियो ।

यस्ता संरक्षित वन परिषद्मा वास्तविक रुपमा वन संरक्षण गर्ने सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधित्व नगराई संरक्षित वनमा योगदान र सरोकार नभएका व्यक्तिहरुको प्रतिनिधित्व गराइएको थियो, जसको विरोध भएपश्चात् संरक्षित वन परिषद्मा सामुदायिक वन उपभोक्ता समूहको निर्णायक

प्रतिनिधित्व हुने व्यवस्था गर्न शुरु गरिएको थियो । यद्यपि, उक्त व्यवस्था संरक्षित वनको व्यवस्थापन योजनामा मात्र समावेश भएको र वन ऐन तथा नियमावलीमा व्यवस्था नभएको कारण संरक्षित वन परिषद्को बारेमा कानूनमा नै स्पष्ट व्यवस्था हुनुपर्ने माग हुँदै आएको थियो । त्यसैले वन निमयावली २०५१ को छैठौं संशोधन (२०७४) मा प्रत्येक संरक्षित वनमा संरक्षित वन परिषद् गठन हुने व्यवस्था प्रस्ताव गरिएको छ र उक्त संरक्षित वन परिषद्मा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ :

- संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरु - सदस्य
- समुदायमा आधारित अन्य वन उपभोक्ता समूहका अध्यक्षहरु - सदस्य
- वन विभागले तोकेको प्रबन्धक - सदस्य सचिव

यसरी गठन हुने संरक्षित वन परिषद्मा सामुदायिक वन उपभोक्ता समूहहरुको निर्णायक प्रतिनिधित्व हुने भएपनि वन नियमावलीको संशोधित प्रस्ताव अनुसार संरक्षित वन परिषद् जिल्ला वन अधिकृतले गठन गर्ने, त्यस्तो परिषद् वन विभागमा दर्ता गराउनु पर्ने, परिषद्को प्रबन्धक वन विभागले तोक्ने, परिषद्को कार्यविधि वन विभागबाट स्वीकृत गराउनु पर्ने र वन परिषद्को संगठन संरचना पनि वन विभागबाट स्वीकृत गराउनु पर्ने जस्ता केन्द्रिकृत व्यवस्था गरिएको छ, जसले गर्दा संरक्षित वन परिषद्ले सहज रुपमा आफ्नो कार्य गर्न नसक्ने अवस्था रहको छ । त्यसैले संरक्षित वन परिषद्लाई स्वायत्त रुपमा सञ्चालित हुन पाउने व्यवस्था गर्नुपर्ने माग हुँदै आएको छ ।

## ३.७ संरक्षित वनको आर्थिक स्रोत व्यवस्थापन

संरक्षित वन क्षेत्रहरु घोषणा गरिए पश्चात् जिल्ला वन कार्यालयहरु मार्फत खर्च गर्नेगरी प्रयाप्त आर्थिक स्रोत विनियोजन गरिएको भएपनि उक्त स्रोत साधनमा संरक्षित वन परिषद् र सामुदायिक वन उपभोक्ता समूहहरुको पहुँच र निर्णय गर्न पाउने अवस्था रहेको थिएन । आर्थिक स्रोत र वित्तिय स्वायत्तता नभएको संरक्षित वन परिषद्को औचित्य नभएको भनी वन परिषद्प्रति अविश्वासको अवस्था सिर्जना भएकोले वन निमयावली २०५१ को छैठौं संशोधनको प्रस्तावमा संरक्षित वन परिषद्को आर्थिक स्रोत व्यवस्थापनका बारेमा निम्न अनुसारका केही सामान्य व्यवस्थाहरु गरिएको छ :

- संरक्षित वन परिषद्को आम्दानीका मुख्य स्रोत अन्तर्गत वन पैदावार विक्रीबाट प्राप्त हुने सेवा शुल्क वापतको रकम, संरक्षित वनको संरक्षण तथा विकासका लागि नेपाल सरकारबाट प्राप्त हुने रकम, संरक्षित वनको क्षेत्रमा रहेका सामुदायिक वन र कबुलियती वनबाट प्राप्त हुने रकम र संरक्षित वनका सन्दर्भमा प्राप्त हुन सक्ने अन्य स्रोतहरु रहने ।
- सरक्षित वन परिषद्को एउटा छुट्टै कोष रहने र यस्तो कोष संरक्षित वन परिषद्को अध्यक्ष र सदस्य-सचिवको दस्तखतबाट सञ्चालन हुने ।
- संरक्षित वनको आर्थिक स्रोत परिचालनको लेखा परीक्षण संरक्षित वन परिषद्ले गराउने र वन कार्यालयले अनुगमन गर्ने ।
- संरक्षित वनको आम्दानीलाई वनको संरक्षण, गरिवी न्यूनीकरण, सामाजिक विकास र प्रशासनिक कार्यमा खर्च गर्नुपर्ने ।

यसरी संरक्षित वनको आर्थिक स्रोत परिचालनका लागि विभिन्न व्यवस्थाहरु प्रस्ताव गरिएको भएपनि सामुदायिक वनले संक्षित वन परिषद्लाई आर्थिक स्रोत उपलब्ध गराउने र कोषको सञ्चालनमा वन कार्यालयको बढी अधिकार, नियन्त्रण र हस्तक्षेप हुने गरी प्रस्ताव गरिएका व्यवस्थाहरुले संरक्षित वन परिषद्को आर्थिक स्रोत परिचालन विवादाष्पद र कमजोर हुने अवस्था सिर्जना भएको छ, जसमा सुधार हुनु आवश्यक रहेको छ ।

## ३.८ लैङ्गिक समता र समाजिक समावेशीकरण

सामुदायिक वन उपभोक्ता समूहमा लैङ्गिक समता र सामाजिक समावेशीकरणका लागि वन ऐन २०४९ र वन नियमावली २०५१ मा स्पष्ट व्यवस्था नगरिएको भएपनि सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा केही राम्रा व्यवस्थाहरु गरिएको छ, जसको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा सामुदायिक वनका लैङ्गिक समता र सामाजिक समावेशीकरण कायम गर्न सकिन्छ। त्यस्तै वन ऐन र नियमावलीमा लैङ्गिक समताका लागि स्पष्ट व्यवस्थाहरु नगरिएको भएपनि संरक्षित वन परिषद् सरकारी समन्वयमा गठन र सञ्चालित हुने संयन्त्र भएकोले यस्तो संयन्त्रमा नेपालको संविधानमा गरिएको महिला सहभागितासम्बन्धी व्यवस्था अनुसार पनि महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक रहेको हुन्छ। त्यसैले संरक्षित वन परिषद्मा महिला सहभागिताको सुनिश्चिता हुने व्यवस्था गर्नु आवश्यक हुन्छ।



सामुदायिक वनमा महिला अधिकारबारे छलफल, फाटो : सा.व.उ.महासंघ, नेपाल

संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरु एकातर्फ स्रोत साधनका दृष्टिकोणले प्रयाप्त स्रोत साधन भएका समूहको रुपमा रहेको पाइएको छ भने अर्कोतर्फ यस्ता सामुदायिक वन उपभोक्ता समूहमा जातजाति र बसोवासको दृष्टिकोणले पनि खासगरी आदिवासी समुदायका वासिन्दाहरुको बाहुल्यता रहेको छ। त्यसैले उपभोक्ता समूह सामाजिक समावेशीकरणको दृष्टिकोणले परिपक्व र संस्थागत हुनुपर्ने आवश्यकता रहेको छ। यसका लागि सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ मा लैङ्गिक समता र समाजिक समावेशीकरणका लागि गरिएका निम्न व्यवस्थाहरु कार्यान्वयनमा आउनु पर्ने हुन्छ :

- सामुदायिक वन सम्बन्धी सबै किसिमको छलफलमा महिलाको समानुपातिक सहभागिता हुनुपर्ने; उपभोक्ता समूह गठन र विधान तथा कार्ययोजना तयारी समूहमा महिला प्रतिनिधि हुनुपर्ने; समान चाहना समूहमा छलफल गर्दा महिलाको अलग्गै समान चाहना समूह बनाई छलफल गर्नुपर्ने; सहभागितामूलक सामाजिक तथा श्रोत नक्शा तयार गर्दा महिलाको सहभागिता हुनुपर्ने; विधान र कार्ययोजना तयार गर्दा महिला समूहबाट आएका सुझावलाई पनि ध्यान दिनुपर्ने।
- विधानमा वन उपभाक्तोहरुको घरधुरीको विवरण उल्लेख गर्दा प्रत्येक घरधुरीबाट घरमुलीका रूपमा एक महिला र एक पुरुष गरी दुई जनाको नाम समावेश गर्नुपर्ने; साधारण सभा गर्दा महिलालाई पायक पर्ने र सजिलो हुने ठाउँमा आयोजना गर्नुपर्ने; साधारण सभामा उपभोक्ता समूहका कम्तिमा ५० प्रतिशत महिला अनिवार्य सहभागी भएको हुनुपर्ने; उपभोक्ता समूहको कार्यसमितिमा आदिवासी जनजाति, दलित, विपन्न समेतको प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिलाको अनिवार्य प्रतिनिधित्व गराउनु पर्ने; कार्यसमितिको अध्यक्ष वा सचिवमध्ये एकमा अनिवार्य महिला हुनु पर्ने; उपभोक्ता समूहको खाता सञ्चालकमा अनिवार्य रुपमा कम्तिमा एकजना महिला हुनुपर्ने।

- समूहको आम्दानीको कम्तिमा ३५ प्रतिशत रकम सहभागितामूलक सम्पन्नता स्तरीकरणलाई आधार मानी विपन्न वर्गका महिला, दलित, आदिवासी जनजातिका लागि लक्षित कार्यक्रममा परिचालन गर्नुपर्ने; उपभोक्ता समूहको वार्षिक कार्यक्रम अन्तर्गत महिलाका लागि पनि विशेष कार्यक्रम समावेश गर्नुपर्ने र सामुदायिक वनमा महिलाका लागि उनिहरुको माग अनुसार विशेष कार्यक्रम सञ्चालन गरिएको हुनुपर्ने; वन पैदावारमा आधारित उद्यम स्थापना र सीप विकास गर्दा महिला लगायतका विपन्न वर्ग, आदिवासी जनजाति तथा दलित समुदायले सञ्चालन गर्न सक्ने र यस्ता वर्गको परम्परागत ज्ञानलाई प्रवर्द्धन गर्ने खालका वन उद्यम स्थापना र सञ्चालन गर्न प्राथमिकता दिने र विपन्न आदिवासी जनजाति, दलित र महिलाहरुलाई उद्योग संचालन गर्न प्राथमिकतामा राख्ने; वन उद्यमहरुमा विपन्न महिलाको पनि शेयर लगानी गर्नुपर्ने ।
- सामुदायिक वनका विषयमा गरिने कुनैपनि निर्णय गर्दा महिलाको पनि आमसहमति भएको हुनुपर्ने; उपभोक्ता सशक्तीकरण कार्यक्रममा लैङ्गिक समतासम्बन्धी विषय समावेश गर्नुपर्ने; महिलाहरुको आर्थिक सशक्तीकरण हुने खालका कार्यक्रम सञ्चालन गरेको हुनुपर्ने; तालिम तथा अन्य कार्यक्रमहरुमा महिला सहभागितालाई प्राथमिकता दिने र सहजकर्ताहरुमा महिला पनि हुनुपर्ने ।
- सहभागितामूलक अनुगमन समिति तथा स्वःअनुगमनमा महिला प्रतिनिधित्व हुनुपर्ने र महिलाको आर्थिक सशक्तीकरण भए नभएको बारेमा पनि अनुगमन गर्नुपर्ने; विधान र कार्ययोजनाको समीक्षा तथा पूनरावलोकन र विधान तथा कार्ययोजना परिमार्जनमा महिला सहभागिता हुनुपर्ने ।

सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा लैङ्गिक समता र समाजिक समावेशीकरणका लागि मार्गदर्शनमा प्रयाप्त व्यवस्था भएपनि भेदभावमा आधारित सामाजिक संरचना, सामाजिक कुरिती, राजनीतिक हस्तक्षेप, महिला र विपन्न वर्गमा क्षमता विकासको कमी र अनुगमनको कमीका कारण यी व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैनन् ।

- आशा लोप्चन, लेखा समिति सदस्य, चतुरमुखी सामुदायिक वन उपभोक्ता समूह, चितवन



सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ मा लैङ्गिक समता र समाजिक समावेशीकरणका लागि माथि उल्लिखित विभिन्न व्यवस्थाहरु गरिएको भएपनि समुदायस्तर र संरक्षित वन परिषद्सँग भएका छलफलबाट यी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको कुराहरु पहिचान भएको छ । उपभोक्ता समूहमा नियमित रुपमा क्षमता विकासका कार्यक्रमको कमी र पुरुषप्रधान पारिवारिक संरचना र सामाजिक भेदभावमा आधारित कुरितीहरुका कारण यी व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको कुराहरु उजागर भएका थिए ।

## ३.९ सुशासन सुदृढीकरण

संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहमा प्रयाप्त मात्रामा आर्थिक स्रोत साधन हुने भएकोले यसको प्रभावकारी व्यवस्थापन र सदुपयोगका लागि उपभोक्ता समूहमा सुशासन कायम हुनु नितान्त आवश्यक हुन्छ । वन ऐन २०४९, वन नियमावली २०५१ र सामुदायिक वन विकास

कार्यक्रमको मार्गदर्शन २०७१ मा सामुदायिक वन उपभोक्ता समूहमा सुशासन कायम गर्नका लागि निम्न व्यवस्थाहरु गरिएको छ, जसको नियमित परिपालना हुनु आवश्यक छ :

- सामुदायिक वन उपभोक्ता समूह अविच्छिन्न, उत्तराधिकारवाला एक स्वशाशित र संगठित संस्था हुने ।
- वनसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्ने; वन व्यवस्थापन योजनाको कार्यान्वयन गर्नुपर्ने र समयानुकूल एवं आवश्यकता अनुसार संशोधन गर्न सक्ने ।
- सामुदायिक वनको विभिन्न प्रक्रियामा उपभोक्ता समूहले सरकारी निकाय, स्थानीय तह र विभिन्न गैरसरकारी संस्थासँग समन्वय गरी कार्य गर्नुपर्ने र यी विभिन्न पक्षसँग सहयोग लिन सक्ने ।
- वन पैदावारको विक्री वितरण गर्दा आन्तरिक खपतका साथै विपन्न, दलित एवं अल्पसंख्यक र अन्य टाढाका उपभोक्ताको वन पैदावारमाथिको पहुँचलाई पनि ध्यान दिनु पर्ने ।
- सामुदायिक वनको आम्दानी रकममध्ये कम्तिमा २५ प्रतिशत वन विकासमा, कम्तिमा ३५ प्रतिशत गरिवी न्यूनीकरणमा र बाँकी रकम सामुदायिक विकासमा खर्च गर्नुपर्ने ।
- उपभोक्ता समूहले वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने भएमा आफ्नो वन व्यवस्थापन योजनामा स्पष्ट व्यवस्था गरी सञ्चालन गर्न सक्ने ।
- समूहले बार्षिक योजना तयार गरेर मात्र आफ्ना कार्यक्रम कार्यान्वयन गर्नुपर्ने; समूहको कोषको लेखा परीक्षण गराउनु पर्ने; वर्षको कम्तिमा एक पटक समूहको योजना, निर्णय, आम्दानी, खर्च आदिको सार्वजनिक लेखापरीक्षण गराउनु पर्ने; हरेक वर्षको वार्षिक प्रगति प्रतिवेदन बनाउनु पर्ने ।
- विधान र वन व्यवस्थापन योजना विपरित कार्य गर्नेलाई दण्ड सजाय गरिएको हुनुपर्ने ।

सामुदायिक वन उपभोक्ता समूहहरुले आफनो समूहमा सुशासन कायम गर्नको लागि माथि उल्लिखित न्यूनतम् कार्यहरु नियमित रुपमा गर्नुपर्ने र यसमा लागि समूहमा सुशासन आंकलन गर्न आवश्यक सूचकहरुको निर्धारण गरिएको हुनु पर्दछ । यद्यपि, संरक्षित वन क्षेत्रमा पर्ने सामुदायिक वन उपभोक्ता समूहमध्ये केही समूहले सुशासन आंकलन सूचक बनाई कार्य गर्दै आएको पाइएतापनि धरैजसो उपभोक्ता समूहमा यो अभ्यास प्रभावकारी हुन नसकेको देखिन्छ । त्यसैले उपभोक्ता समूहमा सुशासन सुदृढीकरणका लागि थप पहलहरु हुनुपर्ने देखिएको छ ।

# ४. आन्तरिक कमजोरी र बाह्य चुनौतिहरु

आठ वटा संरक्षित वनहरु मध्ये ६ वटा संरक्षित वनमा संक्षिप्त समीक्षा र ३ वटा सरक्षित वनमा रहेका ९ वटा सामुदायिक वन उपभोक्ता समूहमा सामुदायिक संरक्षणको बारेमा गरिएको गहन छलफल, क्षमता विकास अभियान र समीक्षाका आधारमा यी संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले विभिन्न किसिमका आन्तरिक कमजोरी र बाह्य चुनौतिहरु भोग्दै आएको कुराहरु पहिचान भएको छ । यी मध्ये मुख्य रुपमा निम्न आन्तरिक कमजोरी र बाह्य चुनौतिहरु रहेका छन् :

## ४.१ आन्तरिक कमजोरीहरु

***सुशासन :*** संरक्षित वन क्षेत्रमा रहेका केही सामुदायिक वन उपभोक्ता समूहमा सुशासनको अवस्था राम्रो रहेपनि सुशासन कायम गर्ने दृष्टिकोणले सबै समूह सक्षम हुन सकेका छैनन् । कतिपय उपभोक्ता समूहको नियमित साधारण सभा आयोजना गर्ने, नियमित रुपमा नेतृत्व चयन गर्ने, कार्यसमितिको बैठक नियमित रुपमा गर्ने जस्ता कार्यहरु कम नियमित छन् । त्यस्तै केही उपभोक्ता समूहमा आर्थिक स्रोत परिचालनका सन्दर्भमा सार्वजनिक सुनुवाई र पारदर्शिताको कमीका कारण विवादहरु सिर्जना भएका छन् । केही उपभोक्ता समूहमा एउटै व्यक्ति सामुदायिक वन उपभोक्ता समूह र अन्य विभिन्न उपभोक्ता समूह एवं सामुदायिक संस्थाको समेत नेतृत्व तहमा रही प्रभावकारी रुपमा आफनो जवाफदेहिता निर्वाह गर्न नसकेको अवस्थाहरु पनि देखिएका छन् । उपभोक्ता समूहभित्र सिर्जना हुने विवाद समाधानका लागि केही समूहले समयमा नै पहल गरेतापनि केही समूहमा लामो समयसम्म आन्तरिक विवादहरु कायम रहँदा समूहको प्रभावकारितामा कमी आएको पनि पाइएको छ । यसका लागि उपभोक्ता समूहको आफ्नै स्रोतमा क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालित हुनुपर्ने कुरा औल्याइएको छ ।

***समावेशीकरण :*** सामुदायिक वन उपभोक्ता समूहमा लामो समयसम्म सुधार हुन नसकेको अर्को आन्तरिक कमजोरीको रुपमा समावेशीकरणलाई औल्याइएको छ र संरक्षित वनको क्षेत्रमा रहेका वन उपभोक्ता समूह पनि यसको अपवाद हुन सकेका छैनन् । सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिमा ५० प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्थालाई सबै उपभोक्ता समूहले कार्यान्वयन गर्न नसकेको देखिन्छ । यसैगरी उपभोक्ता समूहको कार्यसमिति समाजिक रुपमा समावेशी हुनुपर्ने व्यवस्थालाई धेरैजसो समूहले कार्यान्वयन गरेपनि कैयौं समूहमा समावेशीकरणमा सुधार गर्नुपर्ने अवस्थामा रहेको छ । लैङ्गिक समता र समावेशीकरणको विषय साधारण सभा, कार्यसमिति, लेखा समिति जस्ता औपचारिक संयन्त्रमा मात्र नभई समूहले छनौट र सञ्चालन गर्ने कार्यक्रम, लाभको बाँडफाँड र अवशरको बाँडफाँडका सन्दर्भमा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यी विषयमा पनि लैङ्गिक समता र सामाजिक समावेशीकरण सुदृढ गर्न बाँकी रहेको देखिन्छ ।

***लाभको समन्यायिक बाँडफाँड :*** सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड गर्दा सामुदायिक वनको आम्दानी रकमको कम्तिमा २५ प्रतिशत वन विकास, कम्तिमा ३५ प्रतिशत गरिवी न्यूनीकरण र बाँकी रकम सामुदायिक विकासमा खर्च गर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ । संरक्षित वन क्षेत्रमा रहेका अधिकांश उपभोक्ता समूहले सोही अनुसार रकम बाँडफाँड गरी कार्यक्रम कार्यान्वयन गर्दै आएको भएपनि केही उपभोक्ता समूहले अधिकांश रकम सामुदायिक प्रकृतिका भौतिक विकासका काममा खर्च गर्दै आएको देखिएको छ, जसले गर्दा खासगरी गरिवी न्यूनीकरणमा कम रकम विनियोजन

भएकोले सामुदायिक वनबाट मुख्यतया विपन्न वर्गले समन्यायको कम अनुभूती गर्दै आएका छन् । यसमा क्रमिक सुधारको प्रयास हुँदै आएको देखिएको छ ।

***ज्ञान, सीप र क्षमता व्यवस्थापन :*** सरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले जैविक विविधता संरक्षण, वन्यजन्तुको वासस्थान संरक्षण र जैविक मार्गको व्यवस्थापनका साथै वन संरक्षण र जीविकोपार्जनका बीच सन्तुलन कायम गर्नका लागि कैयौं कार्यहरु गर्दै आएका छन् । यसबाट कैयौं सफलता, उपलब्धी र सिकाईहरु प्राप्त भएका छन् । यद्यपि, यी सफलता, सिकाई र उपलब्धीहरुलाई लिपिवद्ध गर्ने, अन्य क्षेत्रमा फैलाउने, अनुभव आदान प्रदान गर्ने र ज्ञान, सीप तथा क्षमतालाई अझ उन्नत बनाउने कार्यहरु प्रभावकारी हुन सकेका छनन् । यसका लागि उपभोक्ता समूहले आफ्नै स्रोत साधन परिचालन गरी आफ्ना सिकाई, सफलता र उपलब्धीहरुलाई लिपिवद्ध गर्न सकेमा समूहका लागि यो एउटा ठूलो पूँजीको रुपमा रहन सक्छ ।

## ४.२ बाह्य चुनौतिहरु

***सामुदायिक वन अधिकारको कटौति :*** विगतमा सामुदायिक वनको माध्यमबाट नै जैविक मार्ग, वन्यजन्तुको वासस्थान र जैविक विविधता संरक्षणका कार्यहरु प्रभावकारी रुपमा सञ्चालन भइरहेको अवस्थामा सोही स्थानहरुमा नै संरक्षित वन घोषणा गरिनु आफैमा सामुदायिक वन अधिकार कटौति गरिनु हो । संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनका व्यवस्थापन योजनाहरुको आ-आफ्नै स्वायत्त हैसियत रहेता पनि वन ऐन २०४९ मा सबै खाले वन व्यवस्थापन प्रणालीहरु संरक्षित वनको व्यवस्थापन योजना अनुरुप नै सञ्चालित हुनुपर्ने व्यवस्था गरिएकोले संरक्षित वनको व्यवस्थापन योजनाको तुलनामा सामुदायिक वनका व्यवस्थापन योजनाको हैसियत कमजोर बनाइएको छ । त्यसैले उपभोक्ता समूहले आफनो सामुदायिक वनको व्यवस्थापन योजनाका साथै समग्र संरक्षित वनको व्यवस्थापन योजना तर्जुमा प्रक्रिया र यसका विषयवस्तुमा आफ्नो ध्यान केन्द्रित गरी सामुदायिक वन अधिकार सुनिश्चित् गराउने तर्फ ध्यान दिनु आवश्यक छ ।

***सामुदायिक वन हस्तान्तरण र व्यवस्थापन योजना परिमार्जन :*** खासगरी तराईको बरण्डाभार संरक्षित वन र वसन्ता संरक्षित वन क्षेत्रमा हालसम्म पनि ठूलो क्षेत्रमा फैलिएको मुख्य वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण नगरी सरकारी वनको रुपमा नै राखिएको छ । यद्यपि, उक्त वन क्षेत्रहरु लामो समयदेखी प्रस्तावित सामुदायिक वनको रुपमा उपभोक्ता समूहहरुले संरक्षण गर्दै आएका वन क्षेत्रहरु हुन् र यी वनहरु सामुदायिक वनको रुपमा बाहेक अन्य वनको रुपमा संरक्षण र व्यवस्थापन हुन सक्दैनन् । त्यसैले यी बाँकी रहेका मुख्य वन क्षेत्रहरु पनि सामुदायिक वनको रुपमा हस्तान्तरण भएको अवस्थामा मात्र संरक्षण हुन सक्दछन् भन्ने कुरा स्पष्ट भएको छ ।

यसैगरी संरक्षित वन क्षेत्रमा रहेका कैयौं सामुदायिक वनका व्यवस्थापन योजनाहरु परिमार्जन गर्नुपर्ने अवस्थामा रहेका छन् । यद्यपि, वन कार्यालयबाट आवश्यक मात्रामा प्राविधिक सहयोग उपलब्ध नहुनु, संरक्षित वन क्षेत्रमा परेका सामुदायिक वनका व्यवस्थापन योजनमा धैरै संरक्षणमुखी र प्राविधिक कुराहरु समावेश गर्न जोड दिनु, समाजिक र सांस्कृतिक पक्षमा कम ध्यान दिइनु आदि कारणले गर्दा पनि वन व्यवस्थापन योजनाहरु समयमा परिमार्जन हुन सकिरहेका छैनन्, जसले गर्दा संरक्षित वन क्षेत्रमा परेका सामुदायिक वनको वन पैदावार परिचालनमा कठिनाई हुँदै आएको देखिएको छ ।

***संरक्षित वन व्यवस्थापन योजना तर्जुमा प्रक्रिया :*** संरक्षित वनको व्यवस्थापन योजना वन कार्यालयले तर्जुमा गर्ने र वन विभागले स्वीकृत गर्ने व्यवस्था गरिएको हुनाले यस्तो व्यवस्थापन योजना तर्जुमा

प्रक्रियामा सामुदायिक वन उपभोक्ता समूह र अन्य प्रभावित पक्षको सहभागिता सुनिश्चित् नहुने अवस्था रहेको छ । वन व्यवस्थापन योजनामा समावेश गरिने विषयवस्तुहरुमा सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु पनि रहने भएपनि यी विषयहरु कसरी वन व्यवस्थापन योजनामा समावेश गरिन्छ भन्ने विषयमा कुनै प्रक्रिया निर्धारण गरिएको छैन । त्यसैले संरक्षित वन व्यवस्थापन योजना तर्जुमा प्रक्रिया सहभागितामूलक नभई वन कार्यालय र वन विभागको मात्र निर्णायक भूमिका रहने प्रकृतिको हुन्छ, जुन कुरा संरक्षित वन क्षेत्रका सामुदायिक वन उपभोक्ता समूहका लागि एउटा चुनौतिको विषय बनेको छ ।

***संरक्षित वन परिषद्को स्वायत्तता :*** वन ऐन २०४९ तथा वन नियमावली २०५१ मा संरक्षित वन परिषद्को बारेमा कुनै व्यवस्था नगरिएको भएपनि संरक्षित वनका व्यवस्थापन योजनाहरुमा संरक्षित वन परिषद्को गठन गर्ने व्यवस्था समावेश गरी वन व्यवस्थापन योजनाहरु बनाइएको थियो । यसरी गठन गरिएको संरक्षित वन परिषद्को प्रबन्धक सरकारी कर्मचारी हुने र संरक्षित वन परिषद्को आर्थिक स्रोत परिचालनमा वन कार्यालयको नियन्त्रण रहने परिपाटीको विकास गरिएको थियो र सोही अवधारणालाई वन नियामावलीमा प्रस्ताव गरिएको व्यवस्थामा पनि समावेश गरिएको छ, जस अनुसार संरक्षित वन परिषद् व्यवस्थापकीय रुपमा, निर्णय प्रक्रियाको दृष्टिकोणले र आर्थिक स्रोत परिचालनको दृष्टिकोणले स्वायत्त नहुने अवस्था रहेको छ । त्यसैले संरक्षित वन परिषद्लाई सामुदायिक वन उपभोक्ता समूहको निर्णायक भूमिका सहित स्वायत्त रहन पाउने व्यवस्था गर्नका लागि थप वकालतका कार्यहरु गर्नुपर्ने भएको छ ।

***चरिचरन, अतिक्रमण र वन डढेलो व्यवस्थापन :*** संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनमा चरिचरन, अतिक्रमण र वन डढेलो व्यवस्थापन पनि एउटा चूनौतिको रुपमा रहेको छ । संरक्षित वन क्षेत्रमा सबै वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण नभएकोले त्यस्ता क्षेत्रहरु अतिक्रमणको चपेटामा परेको र यसको प्रभाव सामुदायिक वनमा पनि पर्दै आएको छ । सामुदायिक वनमा घाँस खेति गरिदै आएको र यसबाट बधुँवा पशुपालनमा टेवा पुगी चरिचरन व्यवस्थापनमा सहयोग पुगेको भएपनि खासगरी तराई र उच्च पहाडी क्षेत्रमा चरीचरन व्यवस्थित हुन सकेको छैन । यसैगरी खासगरी तराईमा रहेका संरक्षित वन क्षेत्रका सामुदायिक वनहरुमा हुने वन डढेलोले पनि सामुदायिक वन संरक्षणमा जोखिम रहँदै आएको छ ।



चितवनमा वन उपभोक्ताहरुले वन डढेलो नियन्त्रण र व्यवस्थापनका लागि तालिम लिदै, फोटो : जिल्ला वन कार्यालय, चितवन ।

***बैकल्पिक उर्जाको मर्मत सम्भार :*** संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले आफ्नो आम्दानीको ठूलो हिस्सा आफ्ना वन उपभोक्ताहरुको लागि वायोग्याँस र सुधारिएको चुलो जस्ता बैकल्पिक उर्जाको विकासमा खर्च गर्दै आएका छन् । शुरुका वर्षहरुमा यस्ता बैकल्पिक उर्जाको नियमित मर्मत सम्भार हुँदै आएको भएपनि विगत केह वर्षदेखि खासगरी बायोग्याँस र सुधारिएको

चुलोको मर्मत सम्भार नहुँदा खाना पकाउने उर्जाका लागि मानिसहरु पूनः दाउरामा भर पर्नुपर्ने अवस्था सिर्जना भएको छ, जसले गर्दा खाना पकाउने उर्जालाई कसरी दिगो बनाई दाउरामाथिको निर्भरता कसरी कम गर्ने भन्ने चुनौति कायमै रहेको छ ।

***पर्यापर्यटनको विकास :*** संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनको आम्दानीको एउटा मुख्य स्रोत पर्यापर्यटन कार्यक्रम हो, जसको व्यवस्थापनका लागि उपभोक्ता समूहले वन व्यवस्थापन योजनामा विभिन्न व्यवस्थाहरु गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यद्यपि, विगत केही समयदेखि सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वन कार्यालयको अलग्गै सहमति लिनु पर्ने र सरकारी निकाय तथा स्थानीय सरकारलाई शुल्क समेत बुझाउनु पर्ने कुराहरु अगाडी ल्याइएकोले यसबाट उपभोक्ता समूहहरु प्रभावित हुने अवस्था सिर्जना भएको छ ।

***भौतिक पूर्वाधार विकासको प्रभाव :*** संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनहरुमा खासगरी स्थानीय सरकारले फोहर फाल्ने स्थान बनाउने, विद्युत प्रसारण लाइन निर्माण गर्ने कम्पनीहरुले वन विनाश गरी प्रसारण लाइन निर्माण गर्ने, ठूला तथा ग्रामिण कृषि सडक निर्माण गर्ने, औद्योगिक क्षेत्रहरु स्थापना गर्ने जस्ता कार्यहरु गरिदै आएको छ । यस्ता कार्य गर्दा एकातर्फ उपभोक्ता समूहलाई न्यायोचित् क्षतिपूर्ति पनि दिइएको छैन भने अर्कोतर्फ यस्ता भौतिक पूर्वाधार निर्माणबाट पर्ने सामाजिक र वातावरणीय प्रभाव सम्बोधनका लागि सुरक्षा मापदण्ड पनि अवलम्बन गरिएको छैन्, त्यसैले यस्ता कार्यहरु सामुदायिक वनका लागि चुनौति बन्दै आएका छन् ।

# ५. चुनौति सम्बोधनका उपाय र सुझावहरु

## ५.१ सुझावहरु

संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहले भोग्दै आएका माथि उल्लिखित आन्तरिक कमजोरी र बाह्य चुनौतिहरु समाधानका लागि निम्न उपायहरु अवलम्बन गर्न सकिने कुराहरु पहिचान भएका छन् :

| आन्तरिक कमजोरीहरु | सम्बोधनका उपाय र सुझावहरु |
|---|---|
| सुशासनको कमी | • सुशासन कायम गर्नका लागि नियमित रुपमा क्षमता विकासका कार्यहरु गर्ने र यसका लागि विभिन्न तालिम तथा अन्तरक्रियाहरु गर्ने<br>• सुशासन आंकलनका लागि स्थानीय सूचक बनाई नियमित रुपमा सुशासन आंकलन गरी सुशासन सुधार गर्ने ।<br>• साधारण सभा, कार्यसमितिका बैठक, नेतृत्व परिवर्तन आदिलाई विधान बमोजिम नियमित गर्ने ।<br>• समूहबाट सञ्चालित योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सहभागितामूलक पद्धति, सार्वजनिक सुनुवाई आदि गर्ने । |
| लैङ्गक समता र समाजिक समावेशीकरण | • सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१ मा लैङ्गक समता र समाजिक समावेशीकरणका बारेमा गरिएका व्यवस्थाहरु बारे सचेतना अभिवृद्धि गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| | • उपभोक्ता समूहको विधान र वन व्यवस्थापन योजनामा लैङ्गक समता र समाजिक समावेशीकरणका लागि स्पष्ट व्यवस्थाहरु गरी कार्यान्वयन गर्ने र गराउने । |
| लाभको समन्यायिक बाँडफाँड | • सामुदायिक वनबाट प्राप्त भएको आम्दानी रकममध्ये कम्तिमा ३५ प्रतिशत रकम विपन्न वर्गको आय आर्जन र जीविकोपार्जनका लागि परिचालन गर्ने  कार्यलाई अनिवार्य गर्ने र यसको प्रभावकारी अनुगमन गर्ने स्थानीय संयन्त्र बनाउने ।<br>• सामुदायिक विकासमा रकम लगानी गर्दा पनि खासगरी विपन्न वर्गलाई टेवा पुग्ने खालमा सामुदायिक विकासका कार्यक्रमहरु छनौट गर्ने । |
| ज्ञान, सीप र क्षमता व्यवस्थापन | • सामुदायिक वन उपभोक्ता समूहले गरेका राम्रा काम, उपलब्धी, सफलता र सिकाईहरुको अभिलेखीकरण गर्ने ।<br>• सफलता र सिकाईहरुको आदान प्रदान र प्रचार प्रसार गर्ने ।<br>• प्रगती प्रतिवेदन तयारी गर्ने कार्यलाई नियमित गर्ने । |
| **बाह्य चुनौतिहरु** | **सम्बोधनका उपायहरु** |
| सामुदायिक वन अधिकारको कटौति | • संरक्षित वनको व्यवस्थापन योजना लागु गर्दा सामुदायिक वन उपभोक्ता समूहको कानूनप्रद्धत अधिकारमा प्रभाव नपार्ने । |
| वन हस्तान्तरण र व्यवस्थापन योजना परिमार्जन | • संरक्षित वन क्षेत्रमा रहेको सबै वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गर्ने र सामुदायिक वनका व्यवस्थापन योजना समयमा नै परिमार्जनका लागि वन कार्यालय र सरोकारवालाहरुले समयमा नै सहयोग उपलब्ध गराउने । |
| संरक्षित वन व्यवस्थापन योजना तर्जुमा प्रक्रिया | • संरक्षित वन क्षेत्रको व्यवस्थापन योजना तर्जुमा प्रक्रिया सहभागितामूलक र पारर्शी बनाउने र यस्तो योजनामा संरक्षित वनको व्यवस्थापन सामुदायिक वनका माध्यमबाट गर्ने कुरालाई प्राथमिकता दिने । |
| संरक्षित वन परिषद्को स्वायत्तता | • संरक्षित वन परिषद्लाई स्वायत्त संस्थाको रुपमा स्थापित गर्ने र यसमा सम्बन्धित संरक्षित वन क्षेत्रमा रहेका उपभोक्ता समूहको निर्णायक भूमिका रहने व्यवस्था गर्ने । |
| चरिचरन, अतिक्रमण र वन डढेलो व्यवस्थापन | • यी कार्यहरु वन विनाशका कारक तत्वको रुपमा रहेकोले यी चुनौति समाधानका लागि सामुदायिक वनको आम्दानी रकमको कम्तिमा २५ प्रतिशत रकम वन संरक्षणमा खर्च गर्ने व्यवस्थालाई नियमित गर्ने । |
| बैकल्पिक उर्जाको मर्मत सम्भार | • बैकल्पिक उर्जामा गरिएको लगानीले वन संरक्षणमा टेवा पुऱ्याउने भएको यस क्षेत्रमा पनि प्राथमिकताका साथ लगानी लगाउने । |
| वन उद्यम तथा पर्यापर्यटनको विकास | • सामुदायिक वनका माध्यमबाट सञ्चालन गर्ने वन उद्यम र पर्यापर्यटन कार्यक्रमहरुलाई अवरोध गर्ने प्रक्रियाहरुमा सरलीकरण गर्ने । |
| भौतिक पूर्वाधार विकासको प्रभाव | • संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वनहरुमा गरिने भौतिक विकासका कार्यहरुलाई वातावरणमैत्री बनाउन अनिवार्य गर्ने । |

## ५.२ निष्कर्ष

नेपालका संरक्षित वन क्षेत्रमा रहेका सामुदायिक वन उपभोक्ता समूहहरुले वन तथा वातावरण र जैविक विविधताको संरक्षणका साथै उपभोक्ता समूहका सदस्यको रुपमा रहेका आदिवासी जनजाति, स्थानीय समुदाय, मधेशी, महिला, दलित, विपन्न, वनबाट टाढा रहेका वन उपभोक्ता, वन उद्यमी र निजी क्षेत्रको समेत आर्थिक तथा समाजिक क्रियाकलापमा उल्लेखनीय योगदान गर्दै आएका छन् । यसबाट के सिकाई र अनुभव प्राप्त भएको छ भने सामुदायिक वन विना संरक्षित वनहरु संरक्षित हुन सक्दैनन् । त्यसैले संरक्षित वनका नाममा सरकारले नियन्त्रणमूखी काम मात्र गर्ने र स्थानीय समुदायको अधिकार कटौति गर्दै जाने भन्दा सामुदायिक वनलाई नै बलियो र अधिकारसम्पन्न बनाएर वन संरक्षणको उद्देश्य हासिल गर्नेतर्फ प्रतिवद्ध हुनु आवश्यक छ । यसका लागि सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको पूर्णअधिकारको मान्यता पहिलो शर्त हो । संरक्षित वनमा रहेका सामुदायिक वन उपभोक्ता समूहको वनमाथिको अधिकार र भूमिकाका बारेमा नियमित जनवकालत र क्षमता विकास पनि आवश्यक रहेको छ ।

सामुदायिक वनका माध्यमबाट राज्यले प्रतिवद्धता जनाएको दिगो विकासको लक्ष्य, जैविक विविधता सरक्षणको विश्वव्यापी तथा राष्ट्रिय लक्ष्य, प्राकृतिक स्रोतमाथिको स्थानीय समुदायको अग्राधिकारसम्बन्धी सम्बैधानिक प्रतिवद्धता र सम्बृद्धि हासिल गर्ने समग्र राष्ट्रिय विकासको लक्ष्य समेत प्राप्ति हुने भएकोले नेपालमा सामुदायिक वनको प्रवर्द्धन गर्नु नै सबैभन्दा बुद्धिमानी र इमान्दारिता ठर्हन जान्छ ।

### सन्दर्भ सामग्रीहरु


१. नेपालको संविधान (२०७२), कानून किताव व्यवस्था समिति, काठमाण्डौं, नेपाल
२. वन ऐन २०४९ र वन नियमावली २०५१, कानून किताव व्यवस्था समिति, काठमाण्डौं, नेपाल
३. वन नियमावली २०५१ (छैठौं संशोधन) को प्रस्ताव, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
४. सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१, वन विभाग, ववरमहल, काठमाण्डौं ।
५. नेपालका संरक्षित वनहरु, २०७३, वन विभाग, ववरमहल, काठमाण्डौं ।